स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पछिल्लो समय फिल्मको लगानी उठाउन नेपाली निर्माता हलको व्यापारमा मात्र निर्भर हुनुपर्ने अवस्था छैन । विदेश राइट्स पनि आम्दानीको राम्रो स्रोत बनेको छ । अझ सफल फिल्मको सिक्वेल र सिरिज हुनुपर्छ, निर्माण नहुँदै विदेश राइट्सबाटै लगानी उठिसक्छ । नाम चलेका कलाकारका फिल्म पनि सजिलै बिक्री हुने गरेका छन् । विदेश राइट्स बिक्री वितरणको "ट्रेन्ड"ले नेपाली निर्मातालाई धैरे ठूलो राहत दिएको छ ।

**आजको विचार...**



अमृता लम्साल

वृद्ध...
(दुई पेजमा)

(दुई पेजमा)

अभिनेत्री समेत रहेकी नीता ढुंगानाले निर्माण गरेको फिल्म "ह्रस्व दीर्घ" नेपालमा नेपाली र हिन्दी दुवै भाषामा प्रदर्शनमा आउने भएको छ । विदेशमा भने एक सातापछि रिलिज हुने जनाइएको छ । नेपालमा कातिक ३० गतेबाट फिल्म प्रदर्शनमा आउनेछ । फिल्मको विदेश वितरण अधिकार (भारतबाहेक) सेभेन सिज इन्टरटेनमेन्टले खरिद गरेको प्रेषित विवरणमा उल्लेख छ । फिल्मलाई भारतमा तेलुगु भाषामा समेत प्रदर्शनको तयारी भइरहेको छ । फिल्ममा नेपालीसहित बलिउड र दक्षिण भारतीय कलाकारले समेत अभिनय गरेका छन् ।



❐ वर्ष ३० ❐ अंक ९८ ❐ २०८१ कार्तिक ११ गते आइतबार 27 October 2024, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### दुर्घटनामा दुईको मृत्यु



**दाङ,** कार्तिक १०/रोल्पाको कोइलाबाट तुलसीपुरतर्फ आइरहेको रा१ज ८२२ नम्बरको जिप तुलसीपुर-३ सातततलेमा आज बिहान दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । मृत्युहुनेमा दङ्गीशरण गाउँपालिका-४ बैबाङका २२ वर्षीय हीरामणि बुढामगर र सल्यानको कपुरकोट गाउँपालिका-६ का १९ वर्षीय सुरेश खड्का रहेका छन् ।

इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी निरीक्षक प्रकाश थापका अनुसार दुवै जनाको राप्ती प्रादेशिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । उहाँका अनुसार जिप सडकबाट करिब तीन सय मिटर तल खसेको थियो । जिपमा पाँच जना सवार थिए । जिपमा सवार अन्य तीन जना गम्भीर घाइते रहेको प्रहरीले जनाएको छ ।

*-रासस*

# 'रजत जयन्तीतर्फको यात्रा'मा श्रीनगर सहकारी

## मार्दै समृद्धिको फड्को

**रामचन्द्र रायमाझी**

**पाल्पा,** कार्तिक १०/पाल्पाको तानसेनमा बहुउद्देश्यी सहकारीको रुपमा सञ्चालित श्रीनगर बहुउद्देश्यीय सहकारी संस्थाले २४ औं वार्षिक साधारण सभा मनाउदै 'रजत जयन्तीतर्फको यात्रा' तय गरेको छ । 'सबैका लागि एक र एकका लागि सबै' नै सहकारी हो भन्ने आम बुझाइलाई आत्मसाथ गरी २०५७ मा स्थापना भएको सहकारीले २४ औं साधारण सभा मनाई रजत जयन्तीतिरको यात्रा तय गरेको हो ।




सहकारीले २३ वर्षको यात्रामा आफुलाई जिल्लाकै प्रतिष्ठित र उत्कृष्ट वित्तिय संस्थाको रुपमा पहिचान बनाउन सफल भएको छ । त्यसबेला धेरैले विश्वास नगरेको विषय थियो तानसेनमा सहकारी भोलि जिल्लामै प्रतिष्ठित र उत्कृष्ट वित्तिय सेवा प्रदान गर्ने सहकारीको रूपमा खडा हुनेछ तर धेरैको आकलनलाई गलत सावित गर्दै श्रीनगर सहकारीले आफ्नो २४ वर्षे यात्रा सम्झदै रजत महोत्सवको संघारमा पुगेको छ । जिल्लामा तत्कालिन समयमा सामान्य वर्गका नागरिकहरुको रकमलाई एकिकृत गरी आर्थिक रुपमा उनीहरुलाई सक्षम बनाउन प्राप्त सहकारीहरु थिएनन् । भएका केही सहकारीहरुले समेत आमनागरिकलाई विश्वास दिलाउन सकेका थिएनन् । त्यही परिवेशमा स्थापना भएको श्रीनगर सहकारीलाई वित्तिय क्षेत्रको आधारशिला मान्न सकिन्छ । यो सहकारी स्थापनापछि थुप्रै सहकारीहरू खुले । सहकारीले २३ वर्षे यात्रामा आर्थिक समृद्धिको रुपमा फड्को मारेको छ । उसले आफ्ना शेयर सदस्यहरुको आर्थिक समृद्धिसँगै गरिब, महिला, दलित, जनजाति, उत्पीडित तथा विपन्न समुदायहरूको उत्थानमा समेत आफुलाई निरन्तर अगाडि बढाएको छ । आर्थिक समृद्धिको मेरुदण्ड सहकारी भएकाले पनि श्रीनगरले शेयर सदस्यहरुमा सामूहिक भावनाको विकास गरी उपलब्ध श्रम, सीप, श्रोत साधन, पुँजी र प्रविधिको माध्यमबाट समृद्धिको यात्रालाई पहिल्याएको हो । वित्तीय सहकारी अभियानमा जागरण, सशक्तिकरण, व्यवसायिकीकरण, गुणस्तरिय सुनिश्चिता, संस्थागत वृद्धि र निरन्तर समृद्धिको खाका तय गर्दै सहकारीले शनिबार २४ औं वार्षिक सधारण सभा मनाएको छ । सभामा प्रस्तुत प्रतिवेदन अनुसार संस्थाले आर्थिक वर्ष २०८०/०८१ मा एक करोड ५५ लाख ४ हजार रुपैंया शेयर पूँजी पुऱ्याउन सफल भएको छ । उसले सोही आर्थिक वर्षमा ८५ लाख ६३ हजार ६ सय ६२ रुपैंया आम्दानी गर्न सफल भएको छ । जसमा सहकारीले ७ लाख ३७ हजार ५ सय ७४ रुपैयाँ नाफा आर्जन गरेको छ । सोही आर्थिक वर्षमा सहकारीले १६ करोड १६ लाख ६ हजार ५ सय ३० रुपैयाँ बराबरको कारोबार गरेको कोषाध्यक्ष बेदराम श्रीसद्धारा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ । उक्त प्रतिवेदनमा सोही अवधिमा सहकारीले ६ करोड ८८ लाख ८१ हजार लगानी गरेको देखिन्छ । उसले आफ्नो वित्तिय कारोबारको मूल आधार शेयर सदस्य नै भएको र नीतिगत रुपमा पनि निरन्तर सदस्यहरु वृद्धि गर्नुपर्ने प्रावधान रहेकाले शेयर सदस्य बढाएर एक हजार ४ सय ५१ पुऱ्याएको सचिव भरत शर्माद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ । सभाको जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि खनालले जिल्लाको आर्थिक विकासमा श्रीनगर सहकारीले खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । उनले सहकारीको नेतृत्व र कर्मचारीको लगावले सहकारी उत्कृष्ट भएको धारणा व्यक्त गरे । *-बाँकी अन्तिम पेजमा*

# प्रदेशमा सुशासन कायम गर्न लागेका छौं : मुख्यमन्त्री आचार्य



**रुपन्देही,** कार्तिक १०/लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशमा सुशासन कायम गर्न लागेको बताएका छन् । उनले शनिबार भैरहवामा भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना-२०८१ का बारेमा आयोजना गरिएको अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश सरकार सुशासन कायम गर्न लागि परेको बताएका हुन् ।

प्रदेशमा सुशासन कायम गर्न रणनीतिक योजना बनाउने कामलाई अन्तिम चरणमा पुऱ्याएको पनि उनले बताए । 'भ्रष्टाचारलाई शून्यमा झार्ने गरी सुशासन कायम गर्न प्रदेश सरकारले पाँचवर्षे रणनीतिक योजना निर्माणको कामलाई अन्तिम चरणमा पुऱ्याएको छ,' उनले भने, 'सुशासन कायम नहुँदा भ्रष्टाचार बढेर गएको छ । त्यसैले जति सुशासन कायम गर्न सकिन्छ, भ्रष्टाचारको प्यारामिटर घट्दै जाने हो ।'भ्रष्टाचार शून्यमा झार्न राजनीतिक नेतृत्व, कर्मचारी तह लगायत जिम्मेवारीमा रहेकामा नैतिकता र इमानदारी व्यवहारको आवश्यकता रहेको समेत उनले बताए ।

# दुई दशक विदेशमा बिताएका भुसाल गाउँ फर्केर तरकारी खेतीमा

**रामपुर (पाल्पा),** कार्तिक १०/रामपुर नगरपालिका-९ का नारायण भुसालले व्यावसायिक रूपमा सागसब्जीखेती सुरु गरेका छन् । दुई दशक विदेश मजदुरी गरेका उनले रामपुर-७ को पाँच रोपनी पाखोबारी भाडामा लिएर सागसब्जीखेती थालेका हुन् ।



'लामो समयसम्म अर्काको देशमा पसिना बगाए, गाउँ फर्केलगत्तै जग्गा भाडामा लिएर सागसब्जीखेती सुरु गरेको छु, अहिले सागसब्जी, रोप्ने र रेखदेखमै व्यस्त छु', उनले भने । भूसालले तीन वर्षका लागि वार्षिक ४० हजारमा जग्गा भाडामा लिएका छन् । बेमौसमी सागसब्जी उत्पादनलाई जोड दिएका उनले काउली, ब्रोकाउली, बन्दा, धनियाँ, मुलालगायत सागसब्जी रोपेका छन् । व्यवसाय सुरु गरेको पहिलो वर्षमा नै प्रशस्त आम्दानी भएपछि भुसाललाई सागसब्जीखेतीमा उत्साह थपिएको छ । एक वर्षमा उनले चार लाख आम्दानी गरेको बताए । वार्षिक रूपमा सात लाखसम्म आम्दानी गर्ने उनको लक्ष्य छ । 'अर्काको देशमा धेरै दु:ख छ, विदेशको पीडा भोग्नेलाई मात्र थाहा हुन्छ, दिनमा कम्तीमा पनि १२ देखि १५ घण्टाको काम गर्नुपर्छ, तैपनि कामअनुसारको पारिश्रमिक पाइँदैन, आफ्नो देशमा आनन्दले परिवारका साथमा काम गर्न पाइन्छ, यसमै आनन्द छ, विदेशमा आफूले भोगेको अनुभव उनी सुनाउन्छन् । उद्यमी भुसाललाई आफ्ना उत्पादन बिक्रीको कुनै चिन्ता छैन । उनले उत्पादन गरेका सागसब्जी रामपुर बजारमा बिक्री हुने गरेको छ । व्यापारीले घरमा नै आएर खरिद पनि गर्ने गरेका छन् । उनी सागसब्जी मात्र नभई फलफूलका बिरुवा उत्पादन गरेर बिक्री पनि गर्छन् ।*-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सत्ताकेन्द्रित खेल बन्द गर

बाढीपहिरो पीडितहरुको लागि राहत र पुर्नस्थापनामा जुट्नुपर्ने सरकार र राजनीतिक दलहरु यति बेला एक अर्काको आलोचना गर्दै सत्ताकेन्द्रीत खेलमा लागेका छन् । प्रतिपक्ष दलहरु सरकार ढलाउने रणनीतिमा लागेका छन् भने सरकार लोकतान्त्रिक व्यवस्था र सरकारको विकल्प खोज्ने कार्य अस्वीकार्य भएको टिप्पणी गर्दै आएको छ ।

प्रतिपक्षी दल माओवादी केन्द्र र रास्वपाको सडक आन्दोलनलाई यति बेला सत्ताकेन्द्रीत आन्दोलनका रुपमा हेर्न थालिएको छ । सहकारीको बचत संगठित रूपमा ठगी गरेको कसुर अनुसन्धानमा पार्टी सभापति रवि लामिछाने पक्राउ परेपछि रास्वपा आन्दोलनमा छ । प्रमुख प्रतिपक्षी माओवादीले पनि सरकारका विरुद्ध सडकबाट खबरदारी थालेको छ । सत्ताबाट अनायास बाहिरिनुपरेको पीडाले छटपटिएको माओवादी जसरी पनि अहिलेको गठबन्धन ढाल्ने र आफूहरुसहितको सरकार बनाउने खेलमा सामेल हुन थालेको छ । यसले नेपालको राजनीतिमा थप अस्थिरता आउने हो कि भन्ने आशंकासमेत गर्न थालिएको छ । मुलुकलाई अस्थिरतातर्फ लैजान जस-जसले खेल खेलिरहेका छन् यसले पक्कै पनि कसैको हित गर्ने छैन । अहिले देश कता जाने हो भन्ने आशंका पैदा भएको छ । वर्तमान सरकार बनेदेखि नै सरकार ढल्ने हल्ला चलाएर विपक्षी गठबन्धनलाई एक ठाउँमा ल्याई होहल्ला गर्न सफल भएका माओवादीका अध्यक्ष प्रचण्डले अहिले देशी-विदेशी शक्तिको प्रयोग गरी सत्ता ढाल्ने खेलमा लाग्नु पक्कै पनि मुलुकको लागि राम्रो होइन । राजनीतिक दलप्रति जनताले वैरीभाव जनाइरहेको बेला पुराना दलहरुले गर्ने यस्ता हर्कतले जनतामा थप निरासा जन्माएको छ ।

मुलुकको अर्थतन्त्र कमजोर बन्न पुगेको छ । पछिल्लो समय देशभर देखिएको बाढी पहिरोले आम जनतालाई थप आक्रान्त बनाएको छ । देश यस्तो परिस्थितिबाट गुज्रिरहेको बेला सत्तारुढ दल र प्रतिपक्ष दल एक आपसमा लड्नु राम्रो होइन । सरकारले जनताका पिर मर्का बुझ्न सकेन । नेताहरु सत्ता कसरी जोगाउने र भत्काउने भन्ने खेलमै लागीरहेका छन् । यो बेमौसमी बाजा किन बजाइएको छ ? यति बेला सत्तारुढ दलको यो गतिविधि देख्दा जनताको आशामा निराशा छाएको छ । चुनावका बेला बोलेका कुरा बिर्सेर नेताहरू सङ्कीर्ण, सत्ता स्वार्थमा लाग्नु राम्रो पक्कै पनि सङ्केत होइन । यसले पार्टीलाई मात्र होइन, देशलाई नै घाटा छ । तसर्थ अहिलेको अवस्थामा यो खेल बन्द गरी जनता र देशको हितमा लाग्नु सरकार र प्रतिपक्षको हित हुने छ ।

### Opinion @ Social Network

मलाई मृत्युसँग भन्दा यादसँग बढी डर लाग्छ । मृत्युले एक पटक मार्छ तर, यादहरुले अतित पल्टाइ-पल्टाइ सम्झाइ-सम्झाई पटक-पटक मार्छ ।
*(मिला सारुको फेसबुक स्टाटस https://www.facebook.com/saru.mila)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वृद्ध भत्ता होइन, सुरक्षित आवास देऊ



अमृता लम्साल

> *ज्येष्ठ नागरिकहरू आफ्नो उमेर समूहका मानिसहरूसँग बस्न पाउँदा, उनीहरूलाई हुने डिप्रेसन पनि कम हुनसक्छ । यसरी समूहमा बस्दा एक्लोपनको पीडाबाट मुक्ति पाइन्छ। अहिले पनि पशुपति वृद्धाश्रममा त सरकारले गरिनै राखेको छ ।*

गएको ३० अगस्त, २०२४ को दिन समाचारमाध्यमहरूले एउटा समाचार प्रसारण गरे, जसमा भनिएको थियो 'जापानको प्रहरीले सार्वजनिक गरेको रिपोर्ट अनुसार सन् २०२४ को पहिलो आधा वर्षमा जापानमा करिब ४० हजार व्यक्तिहरूको घरमा एक्लै मृत्यु भएको छ ।' अन्तर्राष्ट्रिय समाचारमाध्यम बीबीसीद्वारा प्रसारण गरिएको उक्त समाचार अनुसार तीमध्ये करिब ४ हजार शवहरू एक महिना अगाडि मृत्यु भएका व्यक्तिहरूको थियो भने १३० शव एक वर्ष अगाडि गायब भएका मानिसहरूको थियो । समाचार अनुसार उक्त तथ्यांक जापानको प्रहरी विभागबाट सार्वजनिक गरिएको थियो । यसरी जापानीहरू एक्लै मृत्युवरण गर्नुको कारण उनीहरू एक्लै बस्ने, उनीहरूबारे कसैलाई थाहै नहुने र मरिसक्दा पनि सोधखोज गर्ने परिवार वा नजिकका व्यक्तिहरू नहुनु हो । जापानको हालको एउटा मुख्य समस्या भनेको वृद्धहरूको जनसंख्यामा वृद्धि हुनु पनि हो । उपरोक्त समाचार पढेपछि मन निकै झस्किएको थियो । किनकि नेपालमा पनि पहिलेको जस्तो पारिवारिक नेटवर्क नभएको, संयुक्त परिवार त निमिट्यान्नै भएको अवस्था, सन्ततिहरू बसाइँ सरेर अन्य मुलुकमा स्थायी बसोबास गर्दै जाने अवस्था बढ्दै गएकोले यहाँ पनि ज्येष्ठ नागरिकहरूको स्थिति चिन्ताजनक हुँदै गएको देखिन्छ । ज्येष्ठ नागरिकहरूको त्यो स्थिति जापानमा मात्रै होइन, चीनमा पनि बढ्दो छ । चीनमा सन् १९८० देखि २०१६ सम्म चिनियाँ सरकारले अपनाएको एक परिवारले एउटा मात्रै बच्चा जन्माउन पाउने नीतिले त जनसंख्या मात्रै होइन, समाजको स्वरूपमै दिगो रूपमा नकारात्मक असर पर्न थालेको छ । यद्यपि, हाल चीनले एउटा परिवारलाई तीन वटासम्म बच्चा जन्माउन पाउने अनुमति दिएको छ । पहिलेको 'एक बच्चा नीति'ले समाजमा छोरीहरूको संख्या घट्दै गएको तथ्यांक सार्वजनिक भएको थियो । चीनको कतिपय ग्रामीण इलाकाहरूमा परिवारमा छोराहरूको संख्या छोरीहरूको भन्दा ३/४ प्रतिशतले कम भएको पनि देखिएको थियो । विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार सन् २०४० सम्ममा चीनको २८ प्रतिशत जनसंख्या ६० वर्षभन्दा माथिका हुनेछन् भने चीनमा प्रजनन् दरमा कमि हुँदै गएको छ । चीनमा यो स्थिति आउनुको एउटा कारण, चीनमा मानिसहरूको आयु बढ्दै जानु पनि रहेको मानिन्छ । यसले गर्दा देशले सामाजिक-आर्थिक विकास र पब्लिक हेल्थमा चुनौती बेहोर्नुपर्नेछ । अमेरिकाको स्थिति पनि त्यति फरक छैन । अमेरिकी सेन्सस ब्युरोका अनुसार सन् २०३० सम्ममा अमेरिकी कुल जनसंख्याको २१ प्रतिशत ६५ वर्षभन्दा माथिको उमेरका जनसंख्या पुग्नेछन् । त्यो भनेको हालको अनुमानित तथ्यांक अनुसार ७ करोड ३० लाख हुनेछन् । यसरी ज्येष्ठ नागरिकको संख्या बढ्दै जाँदा सरकारलाई सोसियल सेक्युरिटी र मेडिकेयर जस्ता कार्यक्रम बढाउँदै जानुपर्नेछ र यसको लागि आर्थिक भार निकै ठूलो हुनेछ । यस उठाउन लागिएका कुराहरू अरू देशका लागि होइनन्ह नेपालकै कुरा गर्न लागिएको हो । यसै सन्दर्भमा केही महिना अगाडि, काठमाडौं महानगरपालिकाले एउटा सर्वेक्षणको प्रतिवेदन सार्वजनिक गरेको थियो, जसअनुसार नेपालबाट छोराछोरी विदेशिने आमाबाबुहरूले एक्लो महसुस गर्ने, डिप्रेसनको शिकार हुने तथ्यहरू समाचारमा आएको थियो । हुनत, त्यो सर्वेक्षण त्यति ठूलो एरियामा गरिएको होइनह काठमाडौं महानगरपालिकाको शहरी योजना आयोग मातहतमा 'मेट्रोपोलिटन रिसर्च फेलोसिप' अन्तर्गत गरिएको उक्त सर्वेक्षणमा जम्मा ५०९ जना ज्येष्ठ नागरिकलाई समेटिएको थियो । तापनि, हामी आफ्ना वरिपरि, गाउँघर, शहरबजारतिरको अवस्था देखेर पनि हाम्रो समाजको बदलिंदो स्वरूपको आकलन गर्न सक्दछौं । यसको उदाहरण, भर्खरै सकिएको दशैंको टीकाको अवसरमा सामाजिक सञ्जालहरूमा पोस्ट गरिएको तस्बिरहरूले पनि के देखाउँछ भने-नेपालीहरू, त्यसमा पनि युवा जमातको संख्या नेपालमा भन्दा विदेशमा धेरै देख्न सकिन्छ । उपरोक्त सबै तथ्य र तथ्यांकले के देखाउँछ भने, ज्येष्ठ नागरिकको भविष्यकोबारेमा राम्रो र व्यवहारिक नीति निर्माणको एकदम जरुरत भैसकेको छ । नेपालको कानूनमा ६० वर्ष माथिका व्यक्तिहरूलाई ज्येष्ठ नागरिक मानिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्याको १०.२१ प्रतिशत जनसंख्या ज्येष्ठ नागरिकको छ । कुनै पनि देशमा १४ प्रतिशतभन्दा माथिको संख्यामा ज्येष्ठ नागरिक छन् भने त्यस्तो समाजलाई 'ज्येष्ठ नागरिकको समाज' भनिने रहेछ। धन्न नेपालको अवस्था त्यहाँसम्म पुगिसकेको छैन । नेपालको संविधान २०७२ को धारा १८ ले सबै नागरिकलाई समानताको हकको प्रत्याभूति गरेको छ, जसमा ज्येष्ठ नागरिकहरू स्वत: समेटिन्छन् । त्यसैगरी, धारा ४१ ले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सुरक्षाको हक र धारा ४३ ले सामाजिक सुरक्षाको हकको कुरा गरेको छ । त्यसबाहेक, ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ह ज्येष्ठ नागरिक पहिलो संशोधन ऐन २०७९ ले पनि ज्येष्ठ नागरिकहरूको पालनपोषण, सुरक्षा आदिको बारेमा राम्रो व्यवस्था गरेको छह तर, अन्य ऐन कानूनहरू जस्तै, यो पनि हात्तीको देखाउने र चपाउने दाँत फरक-फरक भएको जस्तै भएर रहेको छ । कार्यान्वयन पक्ष जता पनि त्यत्तिकै फितलो भए झैं, यहाँ पनि त्यस्तै देखिन्छ । कानूनले त कतिसम्म भनेको छ भने, सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले ज्येष्ठ नागरिकमाथि कुनै पनि अपराध गरेको खण्डमा प्रचलित सजायमा थप ३० प्रतिशतले वृद्धि हुनेछ र त्यो दोहोऱ्याउँदै गएमा प्रत्येक पटक १० प्रतिशतले थप हुँदै जानेछ । तर, जीवनको उत्तरार्धमा पुगिसकेका ज्येष्ठ नागरिकहरू यसै पनि थकित र गलित भइसकेका हुन्छन् भने, उनीहरू कता उजुरी गर्न जाउन् ? फेरि उनीहरूलाई सधैं, आफ्नो दु:ख भन्दा ठूलो परिवारको इज्जत जोगाउने ध्याउन्न हुन्छ । अनि त मानसिक, आर्थिक र अझ शारीरिक तनाव दिन समेत नहच्किने आफ्नै सन्तान वा नजिकका व्यक्ति विरुद्ध उनीहरू किन बोल्थे ! बरु डराएर चुपचाप सहन्छन् । त्यसैले, अब सरकारले महिनाको चार हजार वृद्ध भत्ता दिएर आफ्नो दायित्व पूरा भयो भन्ने सोच राख्ने होइन कि, त्यसको बदला सुविधासम्पन्न ज्येष्ठ नागरिक आवास गृहहरू खोल्न जरूरी भइसकेको छ । ती आवास गृहहरू सुविधासम्पन्न भन्नाले होटलका कोठा जस्ता भन्न खोजिएको होइन । त्यहाँ प्रत्येक व्यक्तिको शौचालय सहितको एउटा कोठा होस्, खाना मेसमै पाकोस्, निश्चित समूहलाई हेर्न 'अन-कल' नै भए हुन्छ, डाक्टरको प्रबन्ध होस्। हरेक दिन, ती ज्येष्ठ नागरिकलाई एक्सरसाइज गराउने, केही मानसिक कसरत गराउने व्यवस्था होस् । सक्नेले पैसा तिरेर बसुन्ह नसक्नेलाई नि:शुल्क राखियोस् । ज्येष्ठ नागरिकहरू आफ्नो उमेर समूहका मानिसहरूसँग बस्न पाउँदा, उनीहरूलाई हुने डिप्रेसन पनि कम हुनसक्छ । यसरी समूहमा बस्दा एक्लोपनको पीडाबाट मुक्ति पाइन्छ। अहिले पनि पशुपति वृद्धाश्रममा त सरकारले गरिनै राखेको छ । केही समय पहिले त्यहाँ पुग्दा, त्यहाँ बस्नेहरूले उडुस आतंकको कुरा गर्दै हुनुहुन्थ्यो । हुनत, त्यहाँका कतिपय व्यक्तिहरू अर्को ठाउँमा तयार भएको भनिएको घरमा सर्न चाहनुहुन्नह कारण, उहाँहरू पशुपति परिसरमै प्राण त्याग्न चाहनुहुन्छ । अर्को कुरा, त्यहाँ बस्नेहरूको आर्थिक स्थिति निकै कमजोर पनि छ । तर यहाँ सुझावको लागि राखिएको ज्येष्ठ नागरिक आवासको प्रस्ताव पैसा तिरेर बस्न सक्ने र चाहनेहरूका लागि भनिएको हो । सरकारले नै त्यसरी पहल गऱ्यो भने, कतिपयले आफ्नो सम्पत्ति पनि दानमा दिन सक्नुहुन्छ होला ! त्यतातिर किन नसोच्ने ? सन् २०२३ को नुएम्बो डटकमको 'हेल्थ केयर इन्डेक्स'को तथ्यांक हेर्दा, विश्वका ९४ वटा देशमध्ये एशियामा ताइवान ८५.९ प्रतिशतको ऱ्यांकिङमा आउनेरहेछ भने, अफ्रिकाको साउथ अफ्रिकामा सबैभन्दा राम्रो 'एल्डरली केयर' रहेछ । विश्वको एक नम्बर एल्डरली केयरमा नर्वे, स्विडेन, स्विट्जरल्याण्ड, जर्मनी, क्यानडा, युएस र ग्रेट ब्रिटेन क्रमैसँग पर्ने रहेछन् । अहिलेको समयमा ६० वर्ष पुग्ने बित्तिकै मान्छे अशक्त र कमजोर भइहाल्दैनह मानिसले उमेरको त्यो बेलासम्म सिकेको, जानेको कुरा, ज्ञान, सीप आदि आफूपछिका पुस्ताहरूसँग बाँड्ने एउटा निकाय तयार गर्न सक्यो भने त्यसको लाभ समाजको एक हिस्सालाई मिल्नेछ । यसको लागि कुनै ठूलो आर्थिक भार या केही चाहिने छैन । स्थानीय निकायले एउटा सानो युनिट खोलेर, समाजमा स्वयंसेवकको रूपमा आफ्नो समय र ज्ञान बाँड्न चाहनेहरूको नाम र विषय रजिस्टर्ड गराइदिन सके हप्ताको एकदिन स्कूल वा अस्पतालमा बसेर चाहिएको सानातिना सेवाहरू प्रदान गर्ने जनशक्ति जुट्नेछ । यसको मतलब औषधोपचारको काम गर्ने भनेको होइन, अस्पतालमा आउने, सिस्टमसँग अनभिज्ञ सेवाग्राहीहरूलाई उनीहरूले रोजेको ठाउँ देखाइदिने, कसैलाई ह्विलचेयरमा यताउता लगिदिन पऱ्यो भने लगिदिने जस्ता काम पनि गर्न/गराउन सकिन्छ । यसबाट, ज्येष्ठ नागरिकहरू पनि कुँजिएर, डिप्रेस्ड भएर एउटा कुनामा दिन कसरी कटाउँ भनेर बस्न पर्दैन भने चलायमान भैरहँदा, उनीहरूको मानसिक र शारीरिक स्वास्थ्य पनि स्वस्थ रहिरहन्छ । देख्दा झिनामसिना लाग्ने यस्ता कुराहरूले उनीहरूले एक्लो र असहाय महसुस पनि गर्दैनन् । लेखको बिट मार्दै गर्दा यहाँ २०१७ अगस्त १४ मा भारतको इण्डिया टूडे पत्रिकामा प्रकाशित एउटा अति नै दु:खपूर्ण घटना उल्लेख गर्न मन लाग्यो । समाचारमा लेखिए अनुसार, भारतको मुम्बई निवासी ६३ वर्षीया आशा साहनीको लास, उनको लोखण्डवाला कम्प्लेक्समा भेटियो । लास भेटिंदाको अवस्थामा लास भन्नु मात्रै थियोह मासु गलेर स्केलिटन भइसकेको थियो । उनी त्यहाँ आृनो पतिको साथ बस्थिन्ह सन् २०१३ मा पतिको निधन भएपछि, उनले आफ्नो एक मात्र छोरा, अमेरिका निवासी रितुराज साहनीलाई 'ओल्ड एज होम'मा सर्न चाहेको बताएकी रहिछन् ।

तर, न त समयले साथ दिएछ, न छोराले । आशाले सन् २०१६ को अप्रिलमा आफ्नो मृत्युको जिम्मेवार कोही नभएको सुसाइड नोट लेखेर प्राण त्यागिछन् । छोराले उताबाट फोन गर्दा फोन लागेन, एक वर्षदेखि फोनको स्विच अफ रहेछ । एक वर्षपछि छोरा आउँदा आमाको स्केलिटन सोफामा भेट्छन् । यो कुनै सिनेमाको कहानी होइनह भएको घटना हो । त्यसैले, यहाँ पनि त्यस्तो स्थितिको सामना गर्न नपरोस् भन्ने चाहने हो भने, ज्येष्ठ नागरिकहरूलाई सामूहिक रूपमा बस्न मिल्ने व्यवस्था गर्न जरूरी भइसकेको छ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : नयाँ अनुभव मिल्ने र नयाँ योजना बन्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ।

**वृष** : चोटपटकको भय छ सचेत रहनुहोला, नयाँ र शुभ कार्यको थालनी हुनेछ ।

**मिथुन** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । सामाजिक कार्य अघि बढ्नेछ।

**कर्कट** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ।

**सिंह** : समाजसेवामा मन लाग्नेछ । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**कन्या** : अधिकारका लागि संघर्ष गर्नुपर्ला, तरपनि कुनै कुराले मन प्रसन्न रहला ।

**तुला** : महिला वर्गबाट सहयोग मिल्नेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्।

**वृश्चिक** : प्रयत्न गरे फाइदा लिन सकिनेछ । साथीभाइसँग समय बित्नेछ।

**धनु** : मनोरञ्जन पूर्वक दिन बित्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ ।

**मकर** : प्रेममा मनमुटाव आउनेछ । आफ्नो विचार विपरित निर्णय हुनेछ ।

**कुम्भ** : समाजसेवामा मन लाग्ला । शिक्षामा सामान्य सफलता मिल्नेछ ।

**मीन** : अवसरले मन प्रसन्न रहनेछ । नयाँ व्यक्तिसँग भेटघाटको अवसर मिल्नेछ।

## कृषि

# इलाममा फस्टाउँदै प्याजखेती

पछिल्लो समय यस जिल्लामा प्याजखेती फस्टाउँदै गएको छ । कम लगानी र छोटो समयमा नै राम्रो आम्दानी गर्न सकिने भएपछि यहाँका किसान व्यावसायिक प्याजखेतीतर्र्फ आकर्षित भएका हुन् । सन्दकपुर गाउँपालिका-३ सुलुबुङका प्रकाश पराजुलीले यस वर्ष ६५ मन (दुई हजार छ सय केजी) प्याज उत्पादन गरे । 'प्रतिमन दुई हजारका दरले ६० मन बिक्री गरेँ, आफूलाई खान र छरछिमेक, आफन्तकोमा कोसेली पुर्याउँदा पाँच मनजति सकियो,' पराजुलीले भने । गाउँपालिकाको ५० प्रतिशत सहयोगमा पिआई-१७२ जातको दुई सय ग्राम बीउ रोपण गरेका पराजुलीले एक लाख २५ हजारको प्याज बिक्री गरेका छन् । 'जम्मा ३२ हजार खर्च कटाएर खुद ९३ हजार बचत भयो । नयाँ हाइब्रिट जातको प्याज लगाउँदा यहाँको माटोमा फस्टाउने रहेछ,' उनले भने,'लोकल जातका प्याज त तीन वर्षअघि नै सय मन फलाएको थिएँ । त्यो बेला समयमा बजार पुर्‍याउन सकिएन, भण्डारण व्यवस्थापन गर्न नसक्दा कुहिएर घाटा भयो । अहिलेचाहिँ बजारको समस्या छैन । बाटो राम्रो छ घरमै पनि आउँछन् व्यापारी ।' जिल्लामा एक सय १५ हेक्टर जमिनमा प्याजखेती हुने गरेको कृषि ज्ञान केन्द्रसँग तथ्याङ्क छ । आर्थिक वर्ष २०७९/८० मा एक हजार आठ सय ७४ मेट्रिक टन प्याज उत्पादन भएकामा आव २०८०/८१ मा एक सय मेट्रिक टन बढी प्याज उत्पादन भएको



कार्यालयका कृषि प्रसार अधिकृत जीवन ठाडामगरले जानकारी दिए । सन्दकपुर-३ कै अर्का किसान विष्णु खनालले १९ मन र माइजोगमाई गाउँपालिका-३ का किसान मोहन सुवेदीले पनि यो वर्ष चार मन प्याज फलाएका छन् । '७० प्रतिकिलोका दरले बिक्री गरेँ । बाँदरले अन्य खेती र तरकारीसमेत नष्ट गरेकाले यो वर्ष प्याज अलि बढी रोपियो, उत्पादन पनि राम्रो भयो,' सुवेदीले भने,'प्याजमा मेहनत गर्ने हो भने यसको बजार र आम्दानी राम्रै हुनेरहेछ ।' प्याजको राम्रो उत्पादनका लागि ६० मिटरदेखि दुई हजार मिटरसम्मको उचाइमा खेती गर्न सकिने कृषि प्राविधिक प्रभु शाहले बताए ।'प्याजको वृद्धि विकासका लागि १३ देखि २५ डिग्री सेन्टिग्रेट तापक्रम आवश्यक हुन्छ, पानी नजम्ने र प्राङ्गारिक पदार्थ प्रशस्त भएको माटो उपयुक्त हुन्छ, माटोमा पिएच ५ दशमलव ८ देखि ६ दशमलव ५ हुनुपर्दछ,' शाहले भने । सूर्योदयका अगुवा किसान मदन राईले प्याज रोप्नुअघि जमिनको तयारी राम्रो गर्नुपर्ने अनुभव सुनाए। 'खनजोत गहिरो, डल्ला फुटाउने, झार जिलाउने, माटो मसिनो र बुरबुराउँदो बनाउनुपर्ने रहेछ । राम्ररी पाकेको गोबर मलको प्रयोग राम्रो हुँदोरहेछ, एक दिन अगाडि नै बीउलाई पानीमा भिजाएर उमार्नुपर्छ । नर्सरीमा राम्रोसँग उम्रेका बिरुवा ८-१० हप्तामा रोप्नलायक हुन्छन्,' उनले भने । *-रासस*

# ड्रागन फ्रुटसँगै सयपत्री फूलको खेती



फल लाग्ने अवस्थाको ड्रागन फ्रुटको बोट र त्यससँगै रोपिएको सयपत्रीको फूलले बारी पहेँलपुर छ । मन्थली नगरपालिका-५ सुनारपानीका रामबहादुर शाहीले बनमाराले भरिएको जग्गामा खनजोत गरी सुरु गरेको ड्रागन फ्रुट र सयपत्री फूलको खेती हेर्न त्यहाँ पुग्ने जो कोही पनि लोभिन्छन् ।

पाँच रोपनीमध्ये तीन रोपनीमा उनले ड्रागन फ्रुट मात्रै लगाएका छन् भने बाँकी दुई रोपनीमा ड्रागन फ्रुटसँगै सयपत्रीको पनि खेती गरिरहेका छन् । तिहार सुरु हुने समयमा झपक्कै फूलेका सयपत्रीले त्यहाँको दृश्य मनमोहक बनाइदिएको छ । लामो समयदेखि बनमारा मात्रै उम्रिएको जग्गामा दुई वर्षअघि शाहीले ड्रागन फ्रुट लगाउने निर्णय गरेको थिए । सुरुमा तीन सय बोट ड्रागन फ्रुट रोप्नु भएका उनले त्यससँगै सयपत्री फूल पनि रोपेका थिए । एउटै जग्गाबाट अहिले उनले दोहोरो लाभ लिएका छन् । उनले सयपत्री बाहेक विभिन्न प्रजातिका विरुवाहरु उत्पादन गर्न नर्सरीको समेत व्यवस्था गरेको सुनाए । उनले भने, 'लामो समयदेखि काठमाडौँमा फूलको नर्सरी सञ्चालन गरेको थिए, त्यही अनुभवका आधारमा यहाँ पनि फूल र विभिन्न विरुवाको नर्सरी सुरु गरेको हुँ ।' आफ्नै गाउँमा केही गरौँ र स्थानीय किसानलाई सहयोग गर्नुपर्छ भन्ने सोचले आफूले यहाँ खेती सुरु गरेको उनको भनाइ छ । शाहीलाई नगरपालिकाबाट पनि सहयोग प्राप्त भइसकेको छ । फूल खेतीका लागि नगरपालिकाले रु एक लाख अनुदान उपलब्ध गराएको नगर कार्यपालिकाका सदस्य एवं वडा नं ५ का अध्यक्ष रबिन कार्कीले जानकारी दिए । साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाद्वारा मन्थलीमा सञ्चालित जुनार जोन कार्यक्रममार्फत कागतीका विरुवा उत्पादनका लागि रु पाँच लाख अनुदान लिएको परियोजनाका कार्यालय प्रमुख थिरलाल गैरेले बताए ।

आफ्नो कम्पनी भदौरे कालिका कृषि तथा पशु पंक्षी फार्मले परियोजनामार्फत अनुदान प्राप्त गरेको र यसले काम गर्न हौसला मिलेको शाहीको भनाइ छ । उनले भन्, 'मेहनत गर्ने हो भने स्वदेशमै केही गर्न सकिन्छ, सरकारले पनि सहयोग गर्छ, यसबाट कृषि क्षेत्रमै धेरै काम गर्न सकिन्छ भन्ने विश्वास जागेको छ ।' उनले उत्पादन गनेको सयपत्री फूल सदरमुकाम मन्थलीदेखि दोलाखा, सिन्धुलीदेखि काठमाडौंसम्म जाने गरेको छ । उनले ड्रागन फ्रुट प्रतिकिलो रु तीन सय ५० र सयपत्री फूल प्रतिकेजी रु दुई सय ५० मा बिक्री सुरु गरेका छन् । यस वर्षको तिहारमा उनले सयपत्री बिक्रीबाट रु तीनदेखि पाँच लाखसम्म आम्दानी गर्ने योजना बनाएका छन् । *-रासस*

# तीनसय ५५ रोपनीमा लगाएको धान र कोदो नष्ट

गत आइतबार साँझ परेको असिनापानीले म्याग्दीको बेनी नगरपालिका २ ज्यामरुककोटको गौश्वारा र तमानेमा तीनसय ५५ रोपनीमा लगाएको धान र कोदो नष्ट भएको छ । स्थानीय जनप्रतिनिधि र कृषि प्राविधिकको टोलीले तीन दिन लगाएर गरेको मूल्याङ्कनअनुसार सबैभन्दा बढी क्षति गौश्वारा र तमानेमा भएको पाइएको हो ।



टोलीले बिहीबार साँझ क्षतिको विवरण सार्वजनिक गरेको हो । बेनी-२ का वडासदस्य चन्द्रकान्त रिजालले दिएको जानकारीअनुसार असिनापानीले खेतमा पाक्नै लागेको धान र कोदोमा क्षति पुर्‍याएको छ । असिनापानीले धान बालीमा क्षति भएपछि कृषि प्राविधिकसहित जनप्रतिनिधिको टोली क्षतिको विवरण सङ्कलन गर्न खेतमा पुगेका थियो । असिनापानीले सबैभन्दा बढी क्षति ज्यामरुककोटको गौश्वारामा भएको बेनी-२ का वडाध्यक्ष यामबहादुर कार्कीले बताए । 'गौश्वारामा गरिएको धानखेतीमा असिना पानीले ८० प्रतिशतसम्म दाना झारेको पाइएको छ, अधिकांश ठाउमा धानको दाना झरेर पराल मात्र बाँकी रहेको भेटिएको छ । किसान अहिले दाना झरेर बाँकी रहेको पराल काटिरहेका छन् । पीडित किसानलाई क्षतिपूर्ति वा राहतका लागि सम्बन्धित निकायमा अनुरोध गर्नेछौँ', उनले भने । असिनापानीले जिल्लाको बेनी-२ ज्यामरुककोटको सानालेख, गौश्वारा, तमाने, फापरखेत, खबरा, बगरफाँट, वडा नं ३ भकिम्लीको तोराखेत, वडा नं १ को अर्जम, रत्नेचौरलगायत ठाउँमा काटेर खेतमा सुकाएको र काट्न बाँकी रहेको धानमा क्षति भएपछि किसान चिन्तित बनेका बेनी-२ का वडासदस्य रिजालले बताए । उनका अनुसार असिनासहितको वर्षाले झाँट्नका लागि ठिक्क पारेको धान खेतमा नै झारिदिएको छ । त्यसैगरी नकाटेको धानका बोट ढालेको छ । दाना सबै झरेर पराल मात्र बाँकी रहेको स्थानीय किसान शन्तबहादुर नेपालीले बताए । भित्र्याउने समयमा पानीले क्षति पुर्‍याइदिएपछि किसानहरु चिन्तित भएको बेनी नगरपालिका-२ सानालेखका नारायण शर्माले बताए । 'धानको एउटा बोट पनि ठाडो छैन, खेतैभरि पानी भरिएको छ', उनले भने, 'एक दुई दिनमै काटेर थन्क्याउने बेलाको धान पानीले सखाप पारिदिएपछि अब वर्षभरि के खाने हो ?' जिल्लाको ज्यामरुककोट, खबरा, बगरफाँट, पुलाचौर, सीम, बाबियाचौर, अर्मनलगायत स्थानमा लगाएको बालीमा क्षति भएको हो । कृषि ज्ञान केन्द्र कार्यालय प्रमुख सञ्जीव वास्तोलाले जिल्लाका स्थानीय तहहरूले क्षतिका विवरणहरू सङ्कलन गर्ने काम गरिरहेकाले एकीकृत तथ्याङ्क कार्यालयमा नआइपुगेको बताए । *-रासस*

# पाँच मुरीभन्दा बढी बदाम फलाउनेलाई पुरस्कार !

हलेसी तुवाचुङ नगरपालिकाले परम्परगत बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत पाँच मुरी तथा त्योभन्दा बढी बदाम उत्पादन गर्ने किसानलाई प्रोत्साहन रकम उपलब्ध गराउने भएको छ । सुक्खाग्रस्त क्षेत्रमा पर्ने यो नगरपालिकामात्रै उत्पादन हुने बदामखेती प्रवर्द्धनका लागि नगरपालिकाले प्रोत्साहन रकम वितरण गर्ने कार्यक्रम ल्याएपछि किसान उत्साहित भएका छन् ।




परम्परागत बाली प्रवर्द्धनका लागि नगरसभाबाटै पारित गरिएको नीति तथा कार्यक्रमअन्तर्गत बदामखेती गर्ने किसानलाई उत्पादनमा आधारित प्रोत्साहन रकम वितरण गर्न नगरपालिकाले १५ दिने सूचनासमेत जारी गरेको छ । नगरपालिकाले जारी गरेको सूचनामा उल्लेख भएअनुसार पाँच मुरी बदाम फलाउने किसानलाई प्रतिमुरी रु पाँच सयका दरले रु दुई हजार पाँच सय तथा त्योभन्दा बढी फलाउनेलाई थप रु तीन सयका दरले प्रोत्साहन रकम दिने जनाइएको छ । नगरपालिकाको अधिकांश भागमा उत्पादन हुने बदामखेलीलाई प्रवर्द्धन गर्दै ब्राण्डिङ गरेर बिक्री गर्ने योजनासहित किसानलाई प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरिएको नगरप्रमुख विमला राईले बताउए । 'बदाम बिक्रीबाट नगरपालिकाका किसानले अहिले पनि राम्रो आम्दानी गरिरहेका छन् । किसानले उत्पादन गरेका बदामलाई आगामी दिनमा ब्राण्डिङ गर्ने योजना छ । उनले भने, 'हाम्रो नगरपालिकामा बदाम र गहत उत्पादनको प्रचुर सम्भावना छ । हामीले आर्थिक वर्ष २०८०/८१ मा नगरसभाबाटै पारित गरेर गहत र बदामखेती प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रम ल्याएका थियौँ । यो कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने योजना छ । बदाम र गहतलाई हाम्रो नगरपालिकाको विशेष उत्पादन बनाएर निर्यात गर्दै आम्दानीको स्रोत वृद्धि गर्ने लक्ष्य लिएका छौँ ।' जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने यो नगरपालिकाको वडा नं ८ धितुङ, वडा नं ५ दुर्छिम वडा नं २ डिकुवामा सबैभन्दा बढी बदामखेती लगाउने गरिएको छ । वडा नं १ बाहुनीडाँडा, वडा नं ३ च्यास्मिटार, वडा नं ७ महादेवस्थान, वडा नं ११ राजापानीलगायत ठाउँमा पनि आंशिक मात्रामा बदामखेती लगाउने गरिएको छ । मध्यपहाडी लोकमार्गले छोएको यो नगरपालिकाको वडा नं ८ धितुङमा सबैभन्दा बढी बदामखेती लगाउने गरिएको छ । धितुङका धेरैजसो घरमा वार्षिक २०-२२ मुरी बदाम भित्रिने गरेको धितुङका वडाध्यक्ष टेकराज राईले बताएका छन् ।

एघार वडा रहेको हलेसी तुवाचुङ नगरपालिकामा यस वर्ष सात सय मुरीभन्दा बढी बदाम उत्पादन हुने अनुमान गरिएको नगरपालिकाका कृषि शाखाले जनाएको छ । नगरपालिकाका कृषि शाखाको तथ्याङ्कानुसार करिब दुई सय घरपरिवार किसानले पाँच मुरीभन्दा बढी बदाम उत्पादन गर्दै आएका छन् । नगरपालिका क्षेत्रभित्र उत्पादित कृषि उपजलाई प्रवर्द्धन तथा बजारीकरण गर्दै नगरवासीको आयआर्जनमा वृद्धि गर्न हलेसीस्थित ट्राफिकचोकमा चिस्यान केन्द्रसहितको कृषि सङ्कलन केन्द्र सञ्चालन गरिएको छ । आयातित कृषि उपजलाई निषेध गर्दै स्थानीय कृषि उपज प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिकाको रु ३८ लाख ३८ हजार आठ सय ३१ लगानीमा कृषि सङ्कलन केन्द्र स्थापना गरिएको नगर प्रवक्ता एव वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिएका छन् । हलेसी क्षेत्रका किसानले उत्पादन गरेका अधिकांश बदाम स्थानीय तथा बाहिरबाट आएका ठेकेदारले खरिद गरेर जिल्लाकै त्रिधार्मिकस्थल हलेसी बजार, दिक्तेल, रभुँवाघाटमा लाग्ने माघे सङ्क्रान्ति मेला, बराहपोखरी मेला, दिक्तेल बजार, छिमेकी जिल्ला ओखलढुङ्गालगायतमा बिक्री गर्न लैजाने गरेका छन् । जिल्लाका दश स्थानीय तहमध्ये हलेसी तुवाचुङ नगरपालिकामा मात्र लामो समयअघिदेखि बदामखेती हुँदै आएको छ । विश्वप्रसिद्ध त्रिधार्मिकस्थल हलेसी आसपासका क्षेत्रमा उत्पादित बदाम कोसेलीका रुपमा पनि प्रयोग हुने गरेको छ ।

हिन्दू, बौद्ध र किरात धर्मावलम्बीको सङ्गमस्थल हलेसी आउने भक्तजन तथा दर्शनार्थीले कोसेलीका रूपमा बदाम लैजाने गरेका हुन् । अन्नबाली कम उत्दान हुने हलेसीमा उत्पादित बदाम किसानको घरबाटै प्रतिपाथी रु दुई सय ७० देखि रु तीन सय सम्ममा बिक्री भइरहेको जनाइएको छ । किसानबाट खरिद गरिएको बदाम त्रिधार्मिकस्थल हलेसी तथा आसपासका बजारमा रु तीन सय ५० देखि रु चार सयसम्ममा बिक्री हुने गरेको नगर प्रवक्ता गिरीले जानकारी दिए । जापानी नागरिक कोतोबुकीनाकाले २०७४ सालमा वडा नं ५ दुर्छिममा स्थापना गरेको बिपना इनकर्पोरेसन नामको पिनट्स बटर उत्पादक उद्योगमा पनि बदाम खपत हुने गरेको छ । तर सो पिनट्स बटर उत्पादक उद्योगले लोकल (स्थानीय जात)का बदाममात्र खपत गर्ने गरेको किसानले बताएका छन् । *-रासस*

# आज डा. भण्डारीले डहरे खोलामा पुल शिल्यान्यास गर्दै



**गुल्मी,** कार्तिक १०/नेपाली काँग्रेसका प्रभावशाली नेता तथा गुल्मी क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य डा. चन्द्र भण्डारीले आज जिल्लाको सत्यवती गाउँपालिका - ६ स्थित डहरे खोलामा पुल शिल्यान्यास गर्ने भएका छन् । उनले विहान ८ बजे पुलको शिलान्यास गर्ने कार्यक्रम रहेको जनाइएको छ । भण्डारीकै पहलमा त्यहाँ पुल निर्माण हुन लागेको हो ।

रिडी, रुद्रवेणी, बुर्तिवाङ सडकमा पर्ने डहरे खोलामा पुल नहुँदा पैदल यात्री र सवारी साधनलाई ठूलो जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता रहेको छ । नेता भण्डारीले स्थानीयको मागलाई मध्यनजर गरी संघीय सरकार मार्फत पुल निर्माण गर्न बजेट विनियोजनका लागि पहल गरेका थिए । पुलको शिलान्यास हुने भएपछि स्थानीयसँगै यात्रुमा आशा जागेको छ । उनले आजै जिल्लामा हुने विभिन्न कार्यक्रमलाई समेत सम्बोधन गर्ने छन् । आइतबार गुल्मी क्षेत्र नं. १ का विभिन्न ठाउँमा हुन लागेका औपचारिक कार्यक्रमलाई सम्बोधन गर्न भण्डारी गुल्मी आएका छन् । नेता भण्डारीले नेपाली काँग्रेस गुल्मीको पालिकास्तरीय प्रशिक्षण कार्यक्रमलाई समेत सम्बोधन गर्ने कार्यक्रम तय भएको उनको सचिवालयका बोधराज कंडेलले जानकारी दिए । उनका अनुसार आज विहान साढे ११ बजे रूरू क्षेत्र गाउँपालिकाको घ्यूवेसी सभाहलमा हुने कार्यक्रममा उनी सहभागी हुने छन् । त्यस लगत्तै छत्रकोट गाउँपालिका -१ हुंगामा तोल्गा भगवती युवा क्लवले आयोजना गरेको क्रिकेट खेलको समापन कार्यक्रमलाई सम्बोधन गर्न दिउँसो साढे २ बजे पुग्ने छन् ।

# 'रजत जयन्तीतर्फको यात्रा'मा...

...तानसेन नगरपालिका सहकारी विभाग प्रमुख विष्णु पौड्यालले तीन खम्बे अर्थ नीति मध्ये सहकारी एक भएको बताए । उनले आर्थिक विकासमा सहकारीले खेलेको भूमिका महत्वपूर्ण रहेको औंल्याए ।

सहकारीका अध्यक्ष झपेन्द्र गहिरेले सहकारीले १७ करोडको हारहारीमा कारोबार गर्न सफल भएको बताए । अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्दै उनले यो बर्ष आफ्नै जग्गामा भवन निर्माण गरी सहकारीलाई थप प्रविधीमैत्री बनाउने गरी आफुहरु अगाडि बढेको जानकारी गराए । अध्यक्ष गहिरेले सहकारीले जनताको गर्जो टार्ने काम गर्दै आएको उल्लेख गरे । उनले पछिल्लो समय केही सहकारीहरुमा आर्थिक अपचलन भएका समाचारहरु आइरहेकाले श्रीनगर सहकारीमा त्यस्तो नभएकाले ढुक्क भएर लगानी गर्न शेयर सदस्यहरुलाई आग्रह गरे । सचिव भरत शर्माले सचिवको संगठनिक प्रतिवेदन प्रस्तुत गर्दै सहकारीको मर्म, सिद्धान्त र नीति नियम भित्र रहेर कारोबार गर्दै आएकाले आफुहरु अन्य सहकारीहरु भन्दा अग्रस्थानमा आउन सफल भएको बताए ।

शेयर सदस्य पर्शुराम सापकोटोले सबैको विश्वास जित्ने गरी काम गर्न सहकारीलाई आग्रह गरे । कार्यक्रममा कोषाध्यक्ष बेदराम श्रीसले सहकारीको आर्थिक प्रतिवेदन र लेखा सुपरिवेक्षक समितिका संयोजक जयराम सुवेदीले लेखा सुपरिवेक्षकको प्रतिवेदन प्रस्तुत गरेका थिए । सहकारीले जेष्ठ नागरिक सुलोचना शाहा, कृष्ण चन्द्र रायमाझी, भिमबहादुर चौहान, बुद्ध लक्ष्मी श्रेष्ठलाई सम्मान गरेको छ ।

यस्तै उसले उत्कृष्ट बचततर्फ इसफ मियाँ, करन थापा, धिरजसिं घर्ती मगर, दिवाकर खनाल, कमल ढकाल, रुपकला विक, बाल बचततर्फ वर्षा कुंवर, कर्जातर्फ विद्या शाक्यलाई सम्मान गरेको छ । सहकारीले शेयर सदस्यहरुका छोरा छोरी मध्ये कक्षा १२ मा उत्कृष्ट अंक ल्याई उर्तिण हुने प्रकृति थापा, निकिता देवकोटा, संकल्प आचार्य, आयुष गैरे, उत्कृष्ट कर्मचारीतर्फ मुना श्रेष्ठ, तम्सरी सोमै, सीता घिमिरेलाई पनि सम्मान गरेको छ ।

सहकारीका अध्यक्ष झपेन्द्र गहिरेको अध्यक्षता, सहकारीकी प्रबन्धक कविता नेपालको स्वागत, सचिव भरत शर्माको सञ्चालनमा कार्यक्रम भएको थियो ।

मनको आवाज.............


'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## खेलकुद समाचार

# स्कटल्याण्डले अमेरिकालाई हरायो



**काठमाडौं,** कार्तिक १०/आईसीसी विश्वकप क्रिकेट लिग-२ मा स्कटल्याण्डले अमेरिकालाई हराएको छ । डालासमा भएको खेलमा स्कटल्याण्डले घरेलु टोली अमेरिकालाई १० विकेटले हराएको हो ।

अमेरिकाले दिएको १ सय ४५ रनको सामान्य लक्ष्य स्कटल्याण्डले २४ ओभर पाँच बलमा कुनै पनि विकेट नगुमाइ भेटायो । उसका एन्ड्रयु उमिदले ९८ र चार्ली टियरले ४३ रन बनाए । यसअघि पहिले ब्याटिङ गरेको अमेरिकाका लागि शाड्ली भान स्काल्कवेकले सर्वाधिक ५५ रन बनाए । स्कटल्याण्डका ब्राड क्युरीले चार र ब्रान्डन म्याकमुलेनले तीन विकेट लिए । यसै शृंखलाअन्तर्गत नेपालले आज बेलुका सवा नौ बजे अमेरिकासँग खेल्दैछ । क्यानडामा भएको शृङ्खला सकेर नेपाल अमेरिका पुगेको हो । लिग-२ मा आठ खेलमा तीन अंकसहित नेपाल पुछारबाट दोस्रो स्थानमा छ । अमेरिका दोस्रो र स्कटल्याण्ड चौथो स्थानमा छन् । १६ अंकसहित क्यानडा शीर्ष स्थानमा छ ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेपाल इन्भेष्टमेन्ट बैंकले ल्यायो ग्राहक योजना

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**पाल्पा,** कार्तिक १०/नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले ग्राहक योजना ल्याएको छ । बैंकले एनसिएचएलसँगको सहकार्यमा मोबाइल बैंकिङ प्रयोगकर्ताका लागि 'फण्ड ट्रान्सफरमा मोबाइल फोन हातमा' अफर ल्याएको हो ।

अफरअन्तर्गत हरेक तीन भाग्यशालीले नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको एनआइएमबी स्मार्ट एपबाट कनेक्ट आइपिएसलाई छनोट गरी फण्ड ट्रान्सफर गर्दा एक/एक थान स्मार्टफोन जित्न सक्नेछन् । अफर पुस ९ गतेसम्म लागू हुने बैंकले जनाएको छ ।

एनआइएमबी स्मार्ट एपमा उपलब्ध कनेक्ट आइपिएसलाई छनोट गरी फण्ड ट्रान्सफर गर्ने तीनजना प्रयोगकर्तालाई अफरको अन्त्यमा विजेता घोषणा गरिने बताइएको छ । मोबाइल बैंकिङबाट फण्ड ट्रान्सफर गर्न कनेक्ट आइपिएस एक न्यूनतम शुल्क लाग्ने सजिलो माध्यम भएको बैंकले जनाएको छ ।

बालबालिकालाई निमोनियाबाट जोगाऔं

निमोनियाबाट बालबालिकालाई बचाउन,
- नियमित रुपमा लगाईने खोपहरु लगाऔं ।
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।
- सरसफाईमा उचित ध्यान दिऔं ।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई